# काठमाडौं महानगरपालिका,

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं
२०७३

काठमाडौं महानगरपालिकाका विभिन्न सार्वजनिक स्थानहरुमा सर्वसाधारणका लागि Free Wi-Fi Internet सेवा उपलब्ध गराउने काठमाडौं महानगरपालिकाको घोषित नीति अनुरुप सो कार्यक्रमको सुरुवात भएको छ । उक्त कार्यक्रम काठमाडौं महानगरपालिका र Worldlink Communications Pvt. Ltd. को संयुक्त पहलमा सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्न लागिएको हो । सो कार्यक्रमका लागि काठमाडौं महानगरपालिका र Worldlink Communications Pvt. Ltd. बीच मिति २०७४/१२/१८ गते काठमाडौं महानगरपालिकाका प्रमुख र उप-प्रमुखको समुपस्थितिमा सम्झौता गरियो । उक्त सम्झौता पत्रमा काठमाडौं महानगरपालिकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री धनिराम शर्मा र Worldlink Communications Pvt. Ltd. का तर्फबाट संस्थाका निर्देशक श्री बिजय कुमार जालानले हस्ताक्षर गर्नुभयो ।

सम्झौता बमोजिम पहिलो चरणमा ६० दिनभित्र Worldlink Communications Pvt. Ltd. ले काठमाडौं महानगरपालिका क्षेत्रभित्रका पशुपतिनाथ, बौद्ध, शंखपार्क, बालाजु बाईसधारा उद्यान, स्वयम्भुनाथ र बसन्तपुर हनुमानढोका दरबारक्षेत्रमा १० MBPS क्षमताको Free Wi-Fi Internet सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार विकास गरी सेवा सञ्चालन गर्नेछ । Wi-Fi Internet प्रयोगकर्ताको संख्या बृद्धि भएसँगै सेवा प्रदायक कम्पनीले आफ्नो क्षमता समेत वृद्धि गर्दै लानुपर्ने व्यवस्था सम्झौतामा रहेको छ । आगामी दिनमा काठमाडौं महानगर क्षेत्रभित्रका अन्य स्थानहरुमा समेत क्रमशः Free Wi-Fi Internet सेवा थप गर्न सकिने प्रवन्ध गरिएको छ ।

उक्त कार्य Worldlink Communications Pvt. Ltd.ले सार्वजनिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गर्न लागेको हो । यस कार्यक्रममा प्रतिदिन एकपटक वा पटक-पटक गरी एकजना प्रयोगकर्ताले ३० मिनेट सम्म Free Wi-Fi Internet सेवा प्रयोग गर्न सक्नेछन ।

यस सम्झौताबाट काठमाडौं महानगरपालिकामा बसोबास गर्ने आम नागरकिको सूचना प्रविधिको प्रयोग गर्ने बानीमा थप सहयोग पुग्नेछ भने ठुला पार्क सांस्कृतिक तथा धार्मिक क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरुलाई निशुल्क रुपमा सहज Internet सेवा उपलब्ध हुनेछ । साथै काठमाडौं महानगरपालिका सूचना प्रविधिमैत्री शासन प्रणाली विकास गर्ने मार्गमा अग्रसर भई Smart City बनाउने परिकल्पना साकार पार्न समेत सहयोग पुग्ने विश्वास लिईएको छ ।

मितिः २०७४/१२/१८

..........................

(नमराज ढकाल)
सहायक प्रवक्ता